# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दल्ली, जाजरकोट

कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०७८/०७९
चलानी न.:-

मिति :- २०७८।०७।२२

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७८।०७।२२)

यस नलगाड नगरपालिकामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपालको (सि.एम.सी. नेपाल) प्राविधिक सहयोग तथा स्विस दुतावासको आर्थिक सहयोगमा यस नगरपालिका मार्फत द्वन्द्व पीडितहरुलाई मनोसामाजिक सहयोग कार्यक्रम संचालन गर्नका लागि तल उल्लेख गरे अनुसारको पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । छनौट गरिएको उम्मेद्वारलाई शुरुमा मनोसामाजिक परामर्शको तालिम प्रदान गरी मनोसामाजिक सेवा दिनको लागि परिचालन गरिनेछ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. पदको नाम तथा संख्या :- मनोसामाजिक कार्यकर्ता- २ जना

- विज्ञापन नं. :- ०५/२०७८/०७९

आबश्यक न्यूनतम योग्यता :-

- तोकीएको योग्यता पुगेका द्वन्द्व पीडित वा परिवारका सदस्य (विशेषगरी द्वन्द्वको गम्भीर असर परेकाहरु जस्तै :- परिवारका सदस्य द्वन्द्वमा गुमाएका वा वेपत्ता भएका तथा गम्भीर अङ्गभङ्ग भएकाहरुको परिवार) अनिवार्य हुनुपर्नेछ ।
- मान्यता प्राप्त विश्वविद्यालयबाट निम्न शैक्षिक योग्यता (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको योग्यता) ।
  १. हेल्थ असिस्टेन्ट, नर्सिङ्ग (पि.सि.एल. वा व्याचलर), व्याचलर इन पब्लिक हेल्थ, वि.एड, हेल्थ एजुकेशन ।
  २. व्याचलर इन साइकोलोजी, सोसिओलोजी, सोसल स्टडी,पी.जी.डि. इन काउन्सेलिङ्ग ।
  ३. सामाजिक परिचालक वा समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकालाई प्राथमिकता दिईने छ ।
- प्रभावित व्यक्तिहरुको लागि समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकोलाई विषेश ग्राहयता दिईनेछ ।
- महिलालाई ग्राहयता
- ईमेल, इन्टरनेट, **MS Word, MS Excel,** तथा **Power Point** मा दक्ष तथा प्रयोग गर्ने सीप भएको ।

कार्यविवरण :-

- द्वन्द्वको प्रभावको कारणले गर्दा मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान गरी मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवा नगरपालिकामा स्थापना गरिने मनोसामाजिक परामर्श केन्द्र मार्फत तथा घर भेटघाट गरी व्यक्तिगत र समुहमा प्रदान गर्ने ।
- सि.एम.सी. ले प्रदान गर्ने मनोसामाजिक परामर्श तालिम कोर्षको ढाँचा अनुसार अनिवार्य उपस्थित भएर तालिम लिने, मनोसामाजिक परामर्शको सीपहरुको सक्रिय पूर्वक सिकेर द्वन्द्व प्रभावितहरुलाई सेवा दिने ।
- कार्यक्षेत्रमा गरेका कार्यक्रमको प्रगती, चुनौती तथा सिकाईहरु नियमित रुपमा तोकीएको ढाँचामा तोकिएको सुपरभाईजरलाई र सम्बन्धित नगरपालिकालाई प्रदान गर्ने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

- द्वन्द्व प्रभावित व्यक्तिहरुसंग प्रत्यक्ष सरोकार राख्ने स्थानीय निकायसंग नियमित समन्वय तथा अन्तरक्तिया गर्ने ।
- द्वन्द्व प्रभावितहरुका लागि परियोजनाले आयोजना गर्ने आघात पीडा कम गर्ने खालका क्रियाकलापहरुमा सहयोग तथा समन्वय गर्ने । यसका लागि द्वन्द्व पीडित स्वयंमसेवकहरुको सहयोग लिएर कार्यक्रम आयोजना गर्ने ।
- द्वन्द्व प्रभावित व्यक्तिहरुलाई आबश्यक पर्ने मानसिक स्वास्थ्य सेवाको लागि मानसिक रोग विशेषज्ञसंग समन्वय गरी सि.एम.सी. नेपालले व्यबस्था गरेको स्वास्थ्य संस्था मार्फत मानसिक रोगको उपचार सेवा लिनको लागि आबश्यक समन्वय गर्ने ।
- तोकीएको ढाँचामा मनोसामाजिक परामर्श सेवाको सेवाग्राहीको विवरण राख्ने, प्रतिवेदन तयार गरी नगरपालिका र सि.एम.सी. नेपाललाई समयमा पठाउने ।
- नगरपालिकाको स्वास्थ्य शाखा तथा महिला वालवालिका शाखासंग आबश्यक समन्वय राखि मनोसामाजिक तथा मानसिक स्वास्थ्यको क्रियाकलाप संचालन गर्ने ।
- नगरपालिकाले कार्यक्रमको प्रभावकारीताका लागि गर्ने अनुगमन तथा सुपरिवेक्षण कार्यक्रममा आबश्यक समन्वय तथा सहयोग गर्ने ।

छनौट प्रक्रिया :- प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुको लिखित र अन्तरवार्ता ।

- लिखित परीक्षा :- २०७८।०८।०९ गते विहान ११:०० बजे देखि नलगाड नगरपालिका दल्ली, जाजरकोटमा संचालन हुनेछ ।

<u>सुविधाहरु :-</u> नलगाड नगरपालिका र सि.एम.सी. नेपाल वीच भएको सम्झौता अनुसार हुनेछ ।

- दरखास्त दस्तुर :-

  १. मनोसामाजिक कार्यकर्ताको लागि रु.१०००। (अक्षरुपी एक हजार रुपैया मात्र)

माथि उल्लेख गरेअनुसार योग्यता पुगेका इच्छुक नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण सहित नलगाड नगरपालिका आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा दल्ली, जाजरकोटमा मिति २०७८।०७।२२ गते देखि २०७८।०८।०६ गते भित्र दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

नारायण खत्री
नि.प्रमुख प्रशासकीय अधिकृत
(नि.प्रमुख प्रशासकीय अधिकृत)

नोट :- थप जानकारीको लागि सम्पर्क नं. ९८४८१२९०२४/९८४८२४९९०१